# ***श्री सर्वोच्च अदालतमा चढाएको***

## ***निवेदन-पत्र***

विषय :- विषय :-नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७ र स.अ. नियमावली २०४९ को नियम ४१ बमोजिम उत्प्रेषणपरमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश पूर्जी जारी गरी_पाउँ ।

काठमाण्डौ जिल्ला सितापाईला गा.वि.स.वडा नं.५ बस्ने अधिवक्ता दिपक विक्रम मिश्र..........................................................................................१ रिट निवेदक

***विरुद्ध***

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ.१

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौ................१

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिहदरवार, काठमाण्डौ.............१

शहरी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ................................................१

वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाण्डौ.........................१

जिल्ला प्रशासन कार्यालय, ववरमहल, काठमाण्डौ..............................................१

पुरातत्व विभाग, रामशाहपथ, काठमाण्डौ.........................................................१

काठमाण्डौ महानगरपालिका कार्यालय, बागदरवा, सुन्धार, काठमाण्डौ.................१

मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौ....................................................१

गुठी संस्थान केन्द्रिय कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ........................................१

उपत्यका विकास प्राधिकरण केशरमहल, काठमाण्डौ..........................................१

काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ स्थित छायाँदेवी कम्पलेक्स, केशरमहल, काठमाण्डौ...........................................................................................१

केशर शम्सेरको बुहारी केयुर शम्सेरको पत्नी का.जि.का.म.न.पा.वडा नं.२९ बस्ने अं.वर्ष ६५ कि अम्विका राणा केशरमहल पुरानो शिक्षा मन्त्रालय, पछाडी............१

का.जि.का.म.न.पा.वडा नं.२९ मा रहेको विक्रमसिल महाविहार गरुड भगवान गुठी गुठीका प्रमुख थकाली हरिहरमान प्रधान (फोन नं.०१२१९११५०).............................१

का.जि.का.म.न.पा.वडा नं.२९ मा रहेको विक्रमशिल महाविहार गरुड भगवान गुठी गुठीका कार्यसमितिका प्रमुख अन्जिर मान प्रमुख. (फोन नं.०१-२१९११५०)................१

का.जि.का.म.न.पा.वडगा नं.२९ स्थित गरुड भगवान गुठी स्मारक संरक्षण तथा अध्ययन उपसमितिका संयोजक भागवत नरसिंह प्रधान(फोन नं.०१-२१९११५०).........१ बिपक्षी

म निवेदक नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७(२) र सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४०(१) अनुसार निवेदन दस्तुर वापत रु.५००।- तिरेको रसिद यसै साथ राखी निम्नानुसार निवेदन गर्दछु।

१. म निवेदक कानून व्यवसायीको रुपमा कार्य गरिआएको सचेत नागरिक समेत भएकोले संविधान र कानूनको पालना गर्ने गराउने हाम्रो दायित्व समेत हो भन्ने मनन गरी सम्मानित सर्वोच्च अदालत समक्ष सार्वजनिक सरोकारको विषय लिई उपस्थित भएको छु । मेरो देश प्राकृतिक एवं सांस्कृतीक रुपमा विविधतायुक्त प्रकृतीको अनुपम नमुनाको रुपमा रहेको छ । त्यसमापनि हाम्रो देशको राजधानी काठमाण्डौं प्राकृतिक, सांस्कृतीक, सामाजिक एवं धार्मिक विविधताको समागमयुक्त स्थल हो जुन दक्षिण एसियाको मात्र नभई विश्वमानै उत्कृष्ट निधिको रुपमा रहेको छ । यहाको प्राकृतिक सम्पदा जीवित संस्कृतीको रुपमा एकअर्कामा अन्योन्याश्रित रुपमा रहदै जलभण्डार गर्ने स्थलको रुपमा रहेर उपत्यकालाई केही हदसम्म पानी आपूर्ति गर्ने श्रोतको रुपमा समेत रहेको छ । यहाँ रहेका प्राकृतिक सम्पदाहरुको अन्योन्याश्रित रुपमा रहेको सांस्कृतीक रीतिरिवाजहरुसँगको सम्वन्धले गर्दा हाम्रो पूर्वीय हिन्दु अनि वौद्ध सभ्यताले आजसम्मपनि विश्वमा छुट्टै पहिचान वनाउदै जीवित रहन सफल भएको छ । हामीले हाम्रो पूर्विय अस्तित्वलाई भावी पुस्ताका लागि जगेर्ना गर्नु पर्ने हुन्छ । त्यसका लागि हामीले आजनै हाम्रो प्राकृतिक सम्पदा, सांस्कृतिक विविधताको संरक्षण गर्नु अनिवार्य छ । प्राकृतिक एवं सांस्कृतीक सम्पदाको अनुपम नमुना हाम्रो राजधानी काठमाण्डौंको सबै पक्षको संरक्षण र सम्वर्द्धन गर्दै हामीले पछिल्लो पुस्तौ पुस्ताका लागि सन्तान दरसन्तानहरुका लागि हाम्रो प्राकृतीक र संस्कृतिको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हुन आउछ । उपत्यकाको सांस्कृतीक र प्राकृतिक सम्पदाको संरक्षण गर्नु पर्ने विषय प्रत्येक नेपाली नागरिकको सरोकारको विषय हो । ऐतिहासीक,सांस्कृतीक एवं पुरातात्विक महत्वको प्राचिन संस्कृती सहितको स्मारक (Monoment) को रुपमा विश्वमानै धनी एवं उत्कृष्ट

हाम्रो राजधानी सहर काठमाण्डौ आज विकासको नाममा विनास हुँदै वसन्तको मौलिकता गुम्दै, गुमाउदै गईरहेको अवस्था देख्दा आम नेपालीलाई चिन्ता लाग्नु र चासोको विषय वन्नु स्वभाविक हो । भूकम्पीय जोखिमका दृष्टिले काठमाण्डौं उपत्यका विश्वका दश जोखिमयुक्त शहरहरु भित्र पर्ने वारम्वारका अध्ययनहरुले देखाएका छन् । साथै हालसालै विभिन्न गैरसरकारी संस्थाहरुले गरेको एक अध्ययन अनुसार विश्व स्वास्थ्य संगठनले तोकेको भन्दा धेरै माथि काठमाण्डौं उपत्यका ध्वनी प्रदुषण रहेको देखाएको छ । जसको कारण अव्यवस्थित सहरीकरण र सवारी साधनको अनियन्त्रित भिडले गर्दा ध्वनी र वायु प्रदुषण भएको देखाएको छ । यी विविध कारणले गर्दा काठमाण्डौं उपत्यकामा सार्वजनिक र खुला स्थानको आवश्यक झन ट्डकारो रुपमा रहेको छ भनि जो कोहीले बुझ्न सक्छ । राजधानीमा बढ्दै गएको जनसंख्याको चापले गर्दा प्राकृतीक विपती परेमा जनतालाई उद्दार गरि राख्नका लागि खाली स्थान नभएको भनि विभिन्न समयमा गरिएको सरकारी तथा गैरसरकारी अध्ययनहरुले देखाई रहेका छन् । त्यसो हुनाले हाम्रो उपत्यकामा हाल खाली ठाउँ, खुल्ला क्षेत्र, सार्वजनिक स्थल, पोखरी, उद्यान, वर्गैचा, चौरहरुको अभाव महसुस भैरहेको अवस्थामा ती क्षेत्रहरुको संरक्षण गर्नुको साटो ती क्षेत्रहरुको नास गर्ने, विगार्ने, कुरुप पार्ने, विनास गर्ने काम बिपक्षीहरुले सरकारी पक्ष समेत सहयोग लिएर परिचालन गरेर गरिरहनु भएको छ । जुन गैरसंवैधानिक र गैरकानूनी मात्र नभई त्यस्तो गैह्र संवैधानिक तथा गैह्र कानुनी काम गर्नेहरु सजायको भागी हुनुपर्ने कानूनी व्यवस्था समेत हाम्रो कानुनले गरेको पाइन्छ । कानूनले नै संरक्षणको दायित्व र जिम्मेवारी दिएका निकाय तथा व्यक्तिहरु नै आफ्नो अधिकारको दुरुपयोग गरी वर्तमान तथा भावी सन्ततीका लागि आफ्ना अग्रज तथा पूर्वजहरुले निर्माण गर्नु भएको ऐतिहासिक, पौराणीक देवस्थल, स्मारक, पोखरी चोक,रमणीय स्थलहरुको अस्तित्व नै संकट पार्ने काम गरिरहनु भएको छ । जिउदो इतिहासका रुपमा अग्रजहरुले हाम्रो पुस्तालाई छोडेर जानु भएको त्यस्ता स्थलहरु क्षेत्रहरु हामीले पनि जस्ताको त्यस्तै पछिल्लो पुस्तालाई हस्तान्तरण गर्नु हामी सबैको पहिलो र परम कर्तव्य हो । यस्ता ऐतिहासिक, सार्वजनिक पौराणीक धार्मिक र सांस्कृतीक स्मारक तथा क्षेत्रहरुको अस्तित्व लोप पार्न खोज्नेहरुलाई उहाहरुको अभिष्ट पुरा गर्न दिनु भनेको कानूनी राज्यको सिद्धान्त विपरित भएको हुनाले कानूनी राज्यको स्थापनामा टेवा पुऱ्याउन हामी यो रिट निवेदन लिएर सम्मानित सर्वोच्च अदालतको शरणमा आएका छौ । लिच्छविकालमा काठमाण्डौ जिल्ला ठमेल (जसलाई थवहिल भनिन्थ्यो) मा प्रधानहरुले आफ्नै किसिमको शासन संचालन गर्दै आएका थिए । ततत्कालिन प्रधानहरुको प्रमुख व्यक्ति सिहसार्थ वाहु द्वरा मल्लकालको पूर्वाधमा एक विशाल विहारको निर्माण गराईयो । जुन विहारलाई विक्रमशिला महाविहार भनियो र उक्त स्थानमा श्री सिहसार्थ गरुड वहालको नाममा जग्गा जमिनहरु राखी परापूर्व कालदेखि पुजापर्व एवं जात्रा चलाई रहनु भन्ने लालमोहर अनुसार उपत्यका वासीहरुले

पुजापर्व जात्रा चलाई धर्म कृती राख्दै आएको सर्वविधितै छ । सोही लालमोहर अनुसार श्री सिहसार्थ वाह गरुड भगवानको नाममा कमलपोखरी र डिल समेत २६-८-०-० जग्गा साविकमा दर्ता श्रेस्ता कायम गरी बिपक्षी अम्विका राणाका पति र तत्कालिन गुठीयारहरु समेत भएर २०३३ सालमा गरेको मिलापत्रबाट स्पष्ट हुन्छ ।

२. नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ ले प्रत्येक नागरिकलाई जीवन रक्षाको अधिकार,धारा १३ ले कानूनको समान संरक्षणको अधिकार, धारा १६ ले वातावरण तथा स्वास्थ्य सम्वन्धी हकको व्यवस्था गर्दै प्रत्येक नेपाली नागरिकलाई स्वच्छ वातावरणमा बाच्ने हक हुनेछ भनि व्यवस्था गरेको छ । त्यस्तै धारा २३ ले धर्म सम्वन्धी हक वातावरण संरक्षण ऐन, २०५३ लगायतका ऐनहरुले जनताको स्वच्छ वातावरणमा बाच्न पाउने अधिकारको संरक्षण गर्दै आफ्नो धार्मिक सांस्कृतीक रितीरिवाजको संरक्षण, सम्वर्द्धन गर्न पाउने कानूनी अधिकार प्रदान गरेको छ साथै जग्गा (नापजाँच) ऐन २०१९, मालपोत ऐन, २०३४, स्थानिय प्रशासन ऐन, २०२८ ले सार्वजनिक जग्गा, सार्वजनिक सम्पत्ति मास्न नहुने र व्यक्ति विशेषका नाममा दर्ता गर्न नहुने भनी स्पष्ट कानूनी व्यवस्था गरेको छ । प्राचिन स्माकर संरक्षण ऐन २०१३ ले प्राचिन स्मारकहरुको संरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । साथै ती स्मारक संरक्षणको काममा वाधा पुऱ्याउनेहरुले कानुन अनुसारको सजायको भागीदार वन्नु पर्ने कानुनी व्यवस्था विभिन्न ऐनहरुको विभिन्न दफाले गरेको छ । साविक काठमाण्डौ नगरपंचायत वडा नं.२९ मा रहेको २६-८-०-० क्षेत्रफल भएको जग्गा ऐतिहासिक, सास्कृतीक, पुरातात्विक एवं धार्मिक कमलपोखरी चोक र मन्दिर भएको सार्वजनिक जग्गा हो । सार्वजनिक क्षेत्र हो । उक्त जग्गा कुनै व्यक्ति विशेषको र नेपाल सरकारको जग्गा नभएको र सो जग्गा सार्वजनिक जग्गा भएको जीवित प्रमाण कि.नं.१६७ जोताहाको महल खाली र जग्गा वा घरधनीको महलमा पोखरी जनिएको क्षेत्रफल १२-१३-२-२ जग्गा भएबाट स्पष्ट रुपमा सार्वजनिक हो भन्ने उल्लेख भएको कुरा किसिममा ७ नं.भनिएको क्षेत्रिय कितावको प्रतिलिपिबाट स्पष्ट हुन्छ । साथै कि.नं.१०४० को क्षेत्रफल ०-९-२-३ भएको जग्गा जोताहामा चोक जनिएबाट चोक समेत सार्वजनिक जग्गा भएको स्पष्ट हुन्छ । तर हाल आएर उक्त जग्गाहरु बिपक्षी छायादेवी कम्पलेक्सलाई का.जि.का.म.न.पा. वडा नं.२९ कि.नं.१८७,१६१६,१६१७,२२२४,२२२६,२४१२ को क्षेत्रफल १३-१५-१-० को जग्गा बिपक्षी मध्येकी अम्विका राणाले वेचेको देखिन्छ । जवकी प्रचलित नेपाल कानुनले सार्वजनिक जग्गाहरु त्यसमा पनि पोखरी मठ मन्दिर चोक लगायतका क्षेत्र साथै पोखरीको डिल समेत दर्ता गर्न नमिल्ने भनि स्पष्ट उल्लेख गरेको देखिन्छ । पोखरीको डिलमा रहेका मठ मन्दिरहरु मासी अन्त्यमा पोखरी नै समाप्त गरी योजनावद्धरुपमा बिपक्षीहरुले सार्वजनिक सम्पत्तिको हिनामिना गरि पवित्र ऐतिहासिक,पौराणीक, धार्मिक, सांस्कृतीक, पर्यावरणीय र वातावरणीयरुपले महत्व रहेको पोखरी

नास्ने,मास्ने काम योजनावद्ध रुपमा सबै बिपक्षीहरुको मिलोमतोमा भएको देखिन्छ । उहाँहरुको यस्तो गैरसंवैधानिक र गैरकानुनी कार्य रोकी कानुनी राज्यको स्थापना गर्ने प्रयास गर्नु हामी सबैको कर्तव्य भएकोले सम्मानित सर्वोच्च अदालत समक्ष यो रिट निवेदन लिएर उपस्थित भएको छु ।

३. म निवेदक साविक काठमाण्डौ नगरपञ्चायत वडा नं.२९ को को क्षेत्रफल २६-८-० (छब्बिस रोपनी आठ आना) क्षेत्रफलमा रहेको कमल पोखरी क्षेत्र ऐतिहासिक, पुरातात्विक महत्वको चोक र मन्दिर रहेको २६ रोपनी आठ आना जग्गा २०३३ सालमा तत्कालिन गुठीयारहरु र बिपक्षी मध्येकी अम्विका राणाका पति केयुर शम्सेर र गुठी संस्थान समेत भएर २६ रोपनी ८ आना जग्गामा रहेको पोखरी तथा पोखरीको डिल श्री सिहसार्थ वाह गरुड भगवानकै नाउमा गुठी संस्थान अन्तर्गत कायम राखी मोही भई कमाई भोगचलन गरि खान पाउने गरी बिपक्षी केयुर शम्सेर, वादीहरु र पेटवोलीबाट बुझिएका गुठी संस्थानका अध्यक्ष समेत भएर मोही कायम गर्ने मिलापत्र मिति २०२३ सालमा भएको देखिन्छ । तीन पक्ष मिलेर सार्वजनिक सम्पत्ति हिनामिना गर्ने अधिकार कुनै पनि प्रचलित कानुनले तत्कालिन अवस्थामा मिलापत्र गर्ने पक्षहरुलाई दिएको देखिदैन । साथै हाल प्रचलित नेपाल कानुनले समेत सार्वजनिक सम्पत्ति नास्ने, मास्ने अधिकार कसैंलाई पनि दिएको छैन । तर हाल आएर पोखरीको अस्तित्व नै समाप्त पार्ने काम बिपक्षीहरुले गर्नु भएको छ ।

४. म निवेदक साविक कठमाण्डौ नगरपंचायत वडा नं.२९ को क्षेत्रफल २६-८-०-० भएको जग्गा पुरातात्विक ऐतिहासिक, धार्मिक एवं सास्कृतीक महत्वको कमलपोखरी, पोखरीको डिल र कि.नं.१०४० को क्षेत्रफल ०-९-२-३ भएको जग्गा चोक जनिई नापजाँच भएको उल्लेखित पोखरी र चोक समावेश भएको जग्गा सार्वजनिक जग्गा भएकोले उक्त क्षेत्र सार्वजनिक नै कायम हुनु पर्छ भनी उपस्थित भएको छु । साविक काठमाण्डौ नगरपंचायत वडा नं.२९ को श्री सिहसार्थ वाह गरुड भगवानको नाममा रहेको कि.नं.१६७को कमल पोखरीको डिल सहित २६-८-० (छब्बिस रोपनी आठ आना) जग्गा साविकमा दर्ता श्रेस्ता कायम हुनुपर्नेमा उक्त जग्गा मध्ये कि.नं.१६७ को क्षेत्रफल १२-१३-२ तथा कि.नं.१०४० को क्षेत्रफल ०-९-२-२ जग्गा कायम राखी बाँकी जग्गा स्व.केयुर शम्सेरले आफ्नो पर्खाल भित्र पारी अन्य कित्ता जग्गामा समावेश गर्नु भएको रहेछ भन्ने स्पष्ट हुन्छ । किनकी २०३३ सालको मिलापत्र अनुसार पोखरीको क्षेत्रफल २६-८-० हुनुपर्नेमा कि.नं.१६७ मा जम्मा १२-१३-२ मात्र जग्गा रहेको देखिन्छ । कि.नं.१६७ पोखरी र कि.नं.१०४० चोक जनिई नापचाँज भएकोले उल्लेखित पोखरी र चोक ऐतिहासिक, पुरातात्विक धार्मीक सांस्कृतीक सम्पदा भएकोले सार्वजनिक जग्गा हो भन्ने स्पष्ट हुन्छ । त्यसो हुनाले उक्त क्षेत्र सार्वजनिक नै कायम हुनु पर्दछ भन्ने मेरो निवेदन माग छ ।

५. यसै गरी बिपक्षीहरु मध्ये सरकारी निकायले आफूलाई कानूनले तोकेको कार्य नगरी नागरिकलाई संविधानले प्रदान गरेको मौलिक हक र कानुनद्वारा प्रत्याभूत अधिकारको हनन् गरिरहनु भएको छ । नेपालको प्रचलित कानुनहरुले सार्वजनिक स्थलहरु नास्न,मास्न नपाइने व्यवस्था गरेको छ । यसरी सार्वजनिक सम्पत्ति सम्पदा,पुरातात्विक र धार्मिकस्थल पाटीपौवा,पोखरी मासि रहदा नियमन गर्ने निकायहरु तथा त्यस्तो कानुन चलाउने सरकारी निकायहरु निस्कृय रहिरहने र सार्वजनिक सम्पत्तिहरु नास भई रहने जस्ले गर्दा कुनै दिन सार्वजनिक स्थलहरु समाप्त हुने स्थिति आउने र सार्वजनिक सम्पत्ति उपभोग गर्नबाट जनताहरु वन्चित हुनुपर्ने अवस्था छ, साथै संविधानद्वारा प्रत्याभूत गरिएको नागरिकको मौलिक हक हनन भईरहेको अवस्था विद्यमान रहेकोले यो गम्भिर सार्वजनिक सरोकारको विषयमा सम्मानित सर्वोच्च अदालतबाट न्यायिक हस्तक्षेप र न्यायिक सक्रियाता नहुने हो भने एकातिर जनताको मौलिक हक तथा कानुनद्वारा प्रदत्त अधिकारहरु हनन् भई रहने,अर्कोतिर नेपाल सरकारले कानुन नचलाउने र विभिन्न व्यक्तिहरुको मिलेमतोमा जे गरेपनि हुन्छ भनि आम नेपाली जनताको हक र स्वामित्व भएको सार्वजनिक सम्पत्ति निजी वनाउने र आम जनतलाई त्यसको उपभोगबाट वन्चित बनाउने कार्य सधै जारी नै रहने हुनाले त्यस्तो गैरकानुनी र गैरसंवैधानिक कार्य रोक्न सम्म्मानित सर्वोच्च अदालतबाट न्यायिक हस्तक्षेप आवश्यक भएकोले हामी निवेदकहरु सम्मानित सर्वोच्च अदालतको शरणमा सार्वजनिक चासो र चिन्ताको विषय साथै सार्वजनिक सरोकारको विषय लिई उपस्थित भएका छौ । ने.का.प.२०६१ अंक १०, नि.नं.७४४७ पृ.१२८८ मा यसै प्रकारको विषयमा सम्मानित सर्वोच्च अदालतबाट रिट जारी भै सकेको छ । त्यसो हुनाले म निवेदक नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७ (२) बमोजिम यो रिट निवेदन लिई उपस्थित भएको छु ।

६. बिपक्षीहरुले एकआपसमा मिलेमतो गरि आ-आफ्नो अभिष्ट पुरा गर्ने,गराउने उद्देश्यले ठमेलस्थित कमल पोखरीको अस्तित्व समाप्त पार्ने र त्यसमा व्यापारिक भवन वनाउने योजना वनाई रहनु भएको देखिन्छ । बिपक्षीहरुले साविक कि.नं.१६७ को जग्गा विभिन्न मितिमा दुषित दर्ता गरी हाल आएर छायादेवी कम्प्लेक्स निर्माण गरिरहनु भएको बुझिएकोले यो रिटको अन्तिम टुङ्गो नलागेसम्म उक्त कम्पलेक्स निर्माण गर्ने कार्य जहाँ जे जस्तो अवस्थामा छ त्यहा त्यस्तै अवस्थामा राख्नु भवन निर्माण कार्य अगाडि नवढाउनु भनि सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ । बिपक्षीहरुले विभिन्न मितिमा गर्नु भएको लिखत जस्तै २०३३ सालको मिलापत्र र विभिन्न मितिमा वनाएको लालपुर्जा कानुनी र संवैधानिक रुपमा नै बदर भागी छ, कुनै पनि पक्षको मिलोमतोमा सार्वजनिक सम्पत्ति हड्पन, हिनामिना गर्न नास्न मास्न नपाउने प्रचलित नेपाल कानुनको कानुनी व्यवस्था र

सम्मानित सर्वोच्च अदालतबाट नजिरहरु समेत स्थापित भै सकेको अवस्था छ। स्थानिय स्वायत्त शासन ऐन अनुसार र स्थानिय प्रशासन ऐन, अनुसार संरक्षण गरिनु पर्ने पुरातात्विक वस्तु नासिने मासिने गरी नक्सा पास गरी नगरपालिकाले दिएको देखिन्छ। सम्मानित इजलास समक्ष प्रस्तुत यो रिटमा गुठीयारहरु पनि बिपक्षी बनाइएको छ । किनकी उहाहरुले विभिन्न पत्रपत्रिकामा लेख, रचनाहरु छपाउनु भएको छ, तर कानुनी उपचार नखोजि अन्य बिपक्षीहरुको कार्यमा समर्थन गरी बसिरहनु भएको छ। जसले गर्दा गैरकानुनी र गैर संवैधानिक कार्यले प्रश्रय पाई रहेको छ। पुरातात्विक बस्तु मास्ने सम्वन्धमा योगी नरहरी नाथ समेत विरुद्ध सम्मानीय प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला समेत भएको रिट निवेदन ने.का.प.२०५३ नि.नं.६१२७ पृ.३३ मा वातावरण संरक्षण र पुरातात्विक महत्वको स्थान सम्वन्धी विषय समेत सार्वजनिक सरोकारको विषय हो भनि नजिर स्थापित भै सकेको छ। साथै यसै किसिमको आदेश ने.का.प.२०५४ अंक ६ नि.नं.६३९१ पृष्ठ ३१२ र ने.का.प.२०६३ अंक ५ नि.नं.७६९५ पृ.५६१ मा सम्मानित सर्वोच्च अदालतबाट नजिर स्थापित भैसकेको छ।

७. सबै बिपक्षीहरुको मिलोमतोमा हाल छायादेवी कम्पलेक्स बनाउने नाममा पोखरी, पोखरीको डिल तथा चोक मन्दिर समेतको अस्तिव लोप गरी, मासी,नासी विभिन्न मितिमा विभिन्न कित्ताकाट गरी हाल कि.नं.१८७,१६१६ कि.नं.१६१७,२४१२,२२२४,२२२६ कायम गराई बिपक्षीहरुले छायादेवी कम्पलेक्स निर्माण गर्न काठमाण्डौ महानगरपालिकाको कार्यालयबाट डि.पि.सी.सम्म निर्माण गर्ने नक्सा पास गरी निर्माण कार्य शुरु गरिरहनु भएको देखिन्छ। साथै डि.पि.सि.भन्दा माथिको नक्सा पास गर्ने प्रकृयामा बिपक्षीहरु रहनु भएको देखिन्छ। यसरी उपरोक्त उल्लेख भएको पोखरी चोक समेतका क्षेत्र नेपाली नागरिकहरुको धार्मिक सांस्कृतीक, पर्यावरणीय र वातावरणीय हक अधिकारसँग सम्वन्धित उक्त साविक कि.नं.१६७ जग्गा व्यक्ति विशेष र नेपाल सरकारका नाममा समेत राख्न नमिल्ने र संरक्षण सर्म्वधन गर्नु पर्ने जग्गा बिपक्षी छायादेवी कम्पलेक्सको दाताको नाममा आउनै नसक्ने जग्गा हो। मालापोत कार्यालय, भूमीसुधार र गुठी संस्थान लगायतका निकाय तथा व्यक्तिहरुको मिलोमतोमा छायादेवी कम्पलेक्सले आफ्नो नाममा कायम गराएको देखिन्छ। बिपक्षी मध्येकी अम्विका राणाले आफ्नो हक नपुग्ने जग्गा आफ्नो नाममा दर्ता गरी गराई बिपक्षी छायादेवी कम्पलेक्सलाई वेचेको साविक कि.नं.१६७ बाट कित्ताकाट गरी कि.नं.१८७,१६१६ कि.नं.१६१७,२२२४,२२२६, २४१२ कायम गरिएको उक्त सार्वजनिक जग्गा स्वयं गुठीयार र गुठी संस्थानको नाममा नआएको र जग्गा नापजाँच ऐन,२०१९ को दफा ११(ख) भूमी प्रशासन ऐन,२०२४ को दफा २०, मालपोत ऐ,न २०३४ को दफा २४ अनुसार दाताको नाममा नै आउनै नसक्ने प्रष्ट र स्पष्ट कानुनी व्यवस्था छ। बिपक्षी मध्येकी अम्विका राणाले उक्त साविक कि.नं.१६७ बाट जसरी

जुन जुन तरिकाले हक कायम गराएपनि दुषित दर्ताबाट हक कायम गराएको स्पष्ट हुन्छ । त्यस्तो दुषित दर्ताले माथि उल्लेखित जग्गामा छायादेवी कम्पलेक्सको दाताको नै वैधानिक हक अधिकार नरहने र नहुने तथा नरहेको स्पष्ट हुन्छ । हाम्रा पुर्खाहरुले सार्वजनिक हित र हकका लागि सार्वजनिक जग्गा राख्ने गरेको देखिन्छ । त्यस्तो पवित्र उदेश्य लिई राखिएको सार्वजनिक सम्पत्तिको रुपमा रहेको पोखरी व्यक्तिगत स्वार्थ र सम्वद्ध सरकारी निकायहरुले सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तर्फ ध्यान नदिई उदासिन भएर कतिपय अवस्थामा सार्वजनिक जग्गाहरु व्यक्तिको नाममा दर्ता गर्ने गराउने कार्यमा संलग्न भएर त्यस्तो सार्वजनिक जग्गाको संरक्षण हुन नसक्दा अतिक्रमित भई अहिले हाम्रो पुस्ता सार्वजनिक जग्गाविहिन हुन पुगी भविश्यका सन्ततीहरुका लागि संरक्षण गर्न नसक्ने अवस्थामा पुगिरहेका छौ । बिपक्षीहरुले भवन निर्माण गर्न वातावरण प्रभाव मूल्यांकन समेत नगराउनु भएको बुझिएको छ । जुन कार्य वाध्यात्मक रुपमा गरिनु पर्ने वातावरण संरक्षण ऐन,२०५३ र नियमावली २०५४ मा स्पष्ट छ । र गुठी संस्थान ऐन, २०३३ साथै बिपक्षीहरुले प्राचिन स्मारक संरक्षण ऐन, २०१३ को सबै दाफाहरुको उल्लंघन गर्नु भएकोले सजायको भागीदार हुनु भएको छ ।

८. बिपक्षीहरुको गैरसंवैधानिक र गैरकानुनी कार्य प्रथम दृष्टिमै बदर भागी छ । त्यसो हुनाले का.म.न.पा.नक्सा शाखाबाट डि.पि.सी.सम्मका नक्सापास गरी निर्माण कार्य थालिएको भन्ने सुन्न र बुझ्न आएकोले उक्त कार्य यथावत राखी निर्माण कार्य नगर्नु,यथास्थानमा राख्नु भौतिक स्वरुप परिवर्तन नगर्नु साथै हक हस्तान्तरण धितो वन्धक समेत नराख्नु भनी सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी पाउ । अन्तरिम आदेश जारी नहुने हो भने प्रस्तुत विवाद सार्वजनिक सरोकारको विवाद भएकोले जनमानसको कानुनी शासन प्रतिको आस्था र विश्वासमा ठेस पुग्ने साथै निवेदनमा अन्तरिम आदेश नहुँदा गैरकानुनी कार्यले निरन्तरता पाई कानुनको शासन र सार्वजनिक सम्पदाको संरक्षणको लागि प्रयासरत जन भावनामा ठेस पुग्न गई धार्मिक ऐतिहासिक,पौराणिक सम्पदाको संरक्षणमा अपुरणीय क्षति हुनेछ । पुरातात्विक वस्तु संरक्षण गर्न सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०५६ अंक ९ नि.नं.६७९८ पृ.७०० मा दिएको आदेशमा समेत पुरातात्विक वस्तुको संरक्षण गरिनु पर्ने भन्ने उल्लेख भएको छ । उक्त आदेश समेत उल्लंघन हुने स्पष्ट छ ।

९. जनभावनासँग जोडिएको सार्वजनिक सरोकारको विषय भएकाले प्रस्तुत निवेदनलाई सर्वोच्च अदालत नियमावली २०४९ को नियम ५(क) अनुसार अग्राधिकार दिई पेश गर्नु भन्ने आदेश समेत जारी गरी पाउँ ।

१०. प्रस्तुत विवादमा बिपक्षी छायादेवी कम्पलेक्स प्रा.लि.ले सरकारी निकायको समेत सहयोग लिई सार्वजनिक रुपमा रहेको सार्वजनिक सम्पत्ति, पोखरी, पोखरीको डिल, मठ मन्दिर चोक समेत

नासी, मासी उक्त स्थानमा छायादेवी कम्पलेक्स निर्माण गरिरहनु भएकोले उक्त ऐतिहासिक, धार्मिक, सांस्कृतीक र पर्यावरणीय क्षेत्रको रुपमा रहेको साविक क्षेत्रफल २६–८–०–० र हाल कायम कि.नं.हरु १८७, १६१७, १६१८, २४१२,२२२४,२२२६ क्षेत्रफल १३–१५–१–० र बिपक्षी अम्बिका राणाले आफ्नो पर्खाल भित्र घुसाउनु भएको जग्गा र विभिन्न व्यक्तिहरुलाई विक्री गर्नु भएको जग्गाहरु समेत गरी जम्मा २६–८–०–० क्षेत्रफल पोखरी कायम गरी साविक कि.नं.१०४० को जग्गा क्षेत्रफल ०–९–२–३ चोक कायम गरी दुवै जग्गाहरु साविक पोखरी र चोक नै कायम गर्नका लागि उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने हो कानुन अनुसारको आदेश जारी गरी पाउँ । साथै सार्वजनिक सम्पत्तिको संरक्षण, सर्म्वधन गर्नको लागि आवश्यक भए एउटा उच्चस्तरीय समिति बनाई सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, तर्फ पहल गर्नु साथै एकिकृत रुपमा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु पर्ने भएमा सो सम्वन्धि कानुनको मस्यौदा व्यवस्थापिका  संसदको यसै अधिवेशनमा पेश गर्नु भनि बिपक्षीहरुको नाममा उत्प्रेषण परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

संलग्न कागजातहरु :

(क) मिलापत्रको प्रतिलिप,विभिन्न प्रमाणको फोटोकपीहरु पोता पत्रको फोटोकपी ।

(ख) निर्माणाधिन छायादेवी कम्पलेक्सको हालसालै खिचिएको फोटो र का.म.न.पा.ले डि.पि. सी.सम्म निर्माण गर्न दिएको इजाजत पत्रको प्रतिलिपि

(ग) भुवनलाल प्रधानले मधुपर्क अंक ५ असोज २०४८ मा लेख्नु भएको लेखको फोटोकपी ।

(घ) निवेदकको परिचयपत्रको फोटोकपी ।

११. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, फरक परे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

निज दिपक विक्रम मिश्र–१

इति सम्वत् २०७१ साल बैशाख महिना      गते रोज      शुभम्...................................................

## श्री सर्वोच्च अदालतमा चढाएको

### सारसंक्षेपीकरण

विषय :- विषय :-नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७ र स.अ. नियमावली २०४९ को नियम ४१ बमोजिम उत्प्रेषणपरमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश पूर्जी जारी गरी_पाउँ ।

काठमाण्डौ जिल्ला सितापाईला गा.वि.स.वडा नं.५ बस्ने अधिवक्ता दिपक विक्रम मिश्र..........................................................................................१ सारसंक्षेपकर्ता

**विरुद्ध**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ. समेत.......................................................................................... बिपक्षी

१. रिट निवेदनको संक्षिप्त व्यहोरा : म निवेदक साविक कठमाण्डौ नगरपंचायत वडा नं.२९ को क्षेत्रफल २६-८-०-० भएको जग्गा पुरातात्विक ऐतिहासिक, धार्मिक एवं सास्कृतीक महत्वको कमलपोखरी, पोखरीको डिल र कि.नं.१०४० को क्षेत्रफल ०-९-२-३ भएको जग्गा चोक जनिई नापजाँच भएको उल्लेखित पोखरी र चोक समावेश भएको जग्गा सार्वजनिक जग्गा भएकोले उक्त क्षेत्र सार्वजनिक नै कायम हुनु पर्छ भनी उपस्थित भएका छौ । साविक काठमाण्डौ नगरपंचायत वडा नं.२९ को श्री सिहसार्थ वाह गरुड भगवानको नाममा रहेको कि.नं.१६७को कमल पोखरीको डिल सहित २६-८-० (छब्बिस रोपनी आठ आना) जग्गा साविकमा दर्ता श्रेस्ता कायम हुनुपर्नेमा उक्त जग्गा मध्ये कि.नं.१६७ को क्षेत्रफल १२-१३-२ तथा कि.नं.१०४० को क्षेत्रफल ०९-२-२ जग्गा कायम राखी बाँकी जग्गा स्व.केयुर शम्सेरले आफ्नो पर्खाल भित्र पारी अन्य कित्ता जग्गामा समावेश गर्नु भएको रहेछ भन्ने स्पष्ट हुन्छ । किनकी २०३३ सालको मिलापत्र अनुसार पोखरीको क्षेत्रफल २६-८-० हुनुपर्नेमा कि.नं.१६७ मा जम्मा १२-१३-२ मात्र जग्गा रहेको देखिन्छ । कि.नं.१६७ पोखरी र कि.नं.१०४० चोक जनिई नापचाँज भएकोले उल्लेखित पोखरी र चोक ऐतिहासिक, पुरातात्विक धार्मीक सांस्कृतीक सम्पदा भएकोले सार्वजनिक जग्गा हो भन्ने स्पष्ट हुन्छ । त्यसो हुनाले उक्त क्षेत्र सार्वजनिक नै कायम हुनु पर्दछ भन्ने मेरो निवेदन माग ।

२. संवैधानिक तथा कानुनी प्रश्न : नेपालको अन्तरिम संविधान २०६३ को धारा १२,१३,१६,२२,३२,१०७(२), जग्गा नापजाँच ऐन, २०१९, मालपोत ऐन, २०४३, स्थानिय प्रशासन ऐन, २०२८, वातावरण संरक्षण ऐन, २०५३, गुठी संस्थान ऐन, २०३३, प्राचिन स्मारक संरक्षण ऐन, २०१३ समेत ।

३. माग गरिएको उपचार : का.म.न.पा.नक्सा शाखाबाट डि.पि.सी.सम्मका नक्सापास गरी निर्माण कार्य थालिएको भन्ने सुन्न र बुझ्न आएकोले उक्त कार्य यथावत राखी निर्माण कार्य नगर्नु,यथास्थानमा राख्नु भौतिक स्वरुप परिवर्तन नगर्नु साथै हक हस्तान्तरण धितो बन्धक समेत नराख्नु भनी सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी पाउ । अन्तरिम आदेश जारी नहुने हो भने प्रस्तुत विवाद सार्वजनिक सरोकारको विवाद भएकोले जनमानसको कानुनी शासन प्रतिको आस्था र विश्वासमा ठेस पुग्ने साथै निवेदनमा अन्तरिम आदेश नहुँदा गैरकानुनी कार्यले निरन्तरता पाई कानुनको शासन र सार्वजनिक सम्पदाको संरक्षणको लागि प्रयासरत जन भावनामा ठेस पुग्न गई धार्मिक ऐतिहासिक,पौराणिक सम्पदाको संरक्षणमा अपुरणीय क्षति हुनेछ । पुरातात्विक वस्तु संरक्षण गर्न सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०५६ अंक ९ नि.नं.६७९८ पृ.७०० मा दिएको आदेशमा समेत पुरातात्विक वस्तुको संरक्षण गरिनु पर्ने भन्ने उल्लेख भएको छ । उक्त आदेश समेत उल्लंघन हुने स्पष्ट छ जनभावनासँग जोडिएको सार्वजनिक सरोकारको विषय भएकाले प्रस्तुत निवेदनलाई सर्वोच्च अदालत नियमावली २०४९ को नियम ५(क) अनुसार अग्राधिकार दिई पेश गर्नु भन्ने आदेश समेत जारी गरी पाउँ ।प्रस्तुत विवादमा बिपक्षी छायादेवी कम्पलेक्स प्रा.लि.ले सरकारी निकायको समेत सहयोग लिई सार्वजनिक रुपमा रहेको सार्वजनिक सम्पत्ति, पोखरी, पोखरीको डिल, मठ मन्दिर चोक समेत नासी, मासी उक्त स्थानमा छायादेवी कम्पलेक्स निर्माण गरिरहनु भएकोले उक्त ऐतिहासिक, धार्मिक, सांस्कृतीक र पर्यावरणीय क्षेत्रको रुपमा रहेको साविक क्षेत्रफल २६-८-०-० र हाल कायम कि.नं.हरु १८७, १६१७, १६१८, २४१२,२२२४,२२२६ क्षेत्रफल १३-१५-१-० र बिपक्षी अम्विका राणाले आफ्नो पर्खाल भित्र घुसाउनु भएको जग्गा र विभिन्न व्यक्तिहरुलाई बिक्री गर्नु भएको जग्गाहरु समेत गरी जम्मा २६-८-०-० क्षेत्रफल पोखरी कायम गरी साविक कि.नं.१०४० को जग्गा क्षेत्रफल ०-९-२-३ चोक कायम गरी दुवै जग्गाहरु साविक पोखरी र चोक नै कायम गर्नका लागि उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने हो कानुन अनुसारको आदेश जारी गरी पाउँ । साथै सार्वजनिक सम्पत्तिको संरक्षण, सर्म्वधन गर्नको लागि आवश्यक भए एउटा उच्चस्तरीय समिति बनाई सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, तर्फ पहल गर्नु साथै एकिकृत रुपमा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु पर्ने भएमा सो सम्वन्धि कानुनको मस्यौदा व्यवस्थापिका संसदको यसै अधिवेशनमा पेश गर्नु भनि बिपक्षीहरुको नाममा उत्प्रेषण परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

**निवेदक**
निज दिपक विक्रम मिश्र-१

इति सम्वत् २०७१ साल बैशख महिना गते रोज शुभम्.................................................